नेपाल सरकार

शिक्षा, विज्ञान तथाप्रविधिमन्त्रालय

**पाठ्यक्रमविकास केन्द्र**

सानोठिमी, भक्तपुर

# चमेना गृह सञ्चालनसम्बन्धीसिलबन्दी दरभाउपत्रको सूचना

प्रकाशित मिति २०७६/११/२४

यस केन्द्रको परिसर भित्र चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो कार्य गर्न इजाजत प्राप्त गर्नुका साथै मू.अ.कर प्राप्त गरेका ईच्छुक योग्य व्यक्ति, फर्म तथा संघ/संस्थाहरुवाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको **सिलबन्दी दरभाउपत्र** आव्हान गरिएको छ।

<u>तपसिल</u>

१) यो सूचना प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस केन्द्रको भण्डार फाँटबाट फर्म दर्ता (नविकरण सहित), मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.०७५/७६ सम्मको कर चुक्ता गरेको कागजपत्र संलग्न राखी एउटा चमेना गृहको लागि राजश्व दस्तुर वापतनगद रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई चमेना गृहको लागि सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ।

२) चमेना गृहको लागि खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजेभित्र यस केन्द्रको नाममा सम्बोधन गरी दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस **केन्द्रको भण्डार फाँटमा** दर्ता गराउन सकिने छ।

३) दर्ता भएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र केन्द्रका प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्रखोल्न कुनै बाधा पर्ने छैन।

४) दरभाउपत्रखरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन एवम् खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५) दरभाउपत्रमा कवोल गरेको चमेना गृहमा खपतहुने परिकारको दर रेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सही छाप भएको हुनु पर्नेछ।

६) म्याद नाघी आएको, रीत नपुगेकोर शर्त राखिएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन।

७) कार्यलयले तोकेको योग्यता पुरा गर्ने र कमऔसत प्रस्तावित मुल्य दररेट भएको प्रस्तावलाई स्वीकृत गरिने छ। साथै कार्यलयले निर्धारण गरेको प्रत्येक मुल्य सूचिमा उल्लेखित दर भन्दाबढी दररेट प्रस्ताव भएको दरभाउपत्र स्वीकृत गरिने छैन।

८) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

९) दरभाउपत्र स्वीकृत गर्ने,अस्विकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ।

१०) सिलवन्दी दरभाउपत्र दाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु सिलबन्दी दरभाउपत्र साथ (सिलबन्दी खाम भित्रै) पेश गर्नु पर्ने छ। ग्राह्यता संम्वन्धि कागजातमा निम्न लिखित कागजातहरुको प्रतिलिपी नोटरी पव्लिकबाट प्रमाणित गराई समावेश गर्नु पर्ने छ।

- क) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र (नवीकरण सहित)
- ख) मू.अ.कर दर्ता नम्वरको प्रमाण पत्र,
- ग) आ.व.०७५/७६ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र,
- घ) कम्तिमा ३ वर्षको समान प्रकृतिको कार्यानुभव प्रमाणित गर्ने कागजात,
- ङ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २ (ङ) संग सम्वन्धित घोषणा पत्र।

११) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

१२) दरभाउपत्र सम्वन्धी थप जानकारी आवश्यक परेमा पाठ्यक्रमविकास केन्द्र,सानोठिमी भक्तपुरको फोन नं.०१६६३०५८८, ६६३४११९ मा सम्पर्क राखी बुझ्न सकिने छ।